श्रीमान् प्रमुख प्रशासकिय अधिकृतज्यू
कालिका नगरपालिका रेडक्रसग्राम, चितवन ।

मिति २०७९।०४।३०

विषय :- प्रतिवेदन संवन्धमा ।

उपरोक्त सम्वन्धमा यस कालिका नगरपालिकाको आर्थिक वर्ष २०७९।०८० को वार्षिक प्रगती समीक्षा गोष्ठी यस नगरपालिकाका नगरप्रमुख श्री विनोद रेग्मीको अध्यक्षतामा मिति २०८०।०४।२६ गतेका दिन यस नगरपालिका वडा नं. २ मा रहेको महिला सन्जाल भवनमा सुभारम्भ गरी सम्पन्न भयो । आर्थिक वर्ष २०७९।०८० को वार्षिक प्रगती समीक्षा गोष्ठी मिति २०८०।०४।२६ गते विहान ७.३० वजेवाट शुरु भएको उक्त समीक्षा गोष्ठीको अध्यक्षता नगर प्रमुख श्री विनोद रेग्मीले गर्नु भएको थियो । सो कार्यक्रमको संचालन योजना शाखा प्रमुख श्री शिव प्रसाद पोखरेलले गर्नु भएको थियो । उक्त कार्यक्रममा यस नगरपालिकाका उप प्रमुख श्री विमला तामाङ, प्रमुख प्रशासकिय अधिकृत श्री केशव प्रसाद उपाध्याय, वडा अध्यक्षहरु श्री सन्त विर स्याङतान, श्री लक्ष्मण पौडेल, श्री विरेन्द्र तामाङ, श्री मकरमान श्रेष्ठ, श्री दिपक वहादुर भट्टराई, श्री टिकाराम रेग्मी, श्री कमलराज मुक्तान, श्री चित्रवहादुर मगर, श्री निलकण्ठ मगर, श्री नरजंग प्रजा, श्री कृष्ण वहादुर प्रजा कार्यपालिका सदस्यहरु श्री दिपक सि परियार, श्री शान्ती महतो, श्री संझना परियार, श्री सरस्वती खत्री, श्री भुव कुमारी रानाभाट, श्री ज्योती सुना,र श्री धनमाया प्रजाको उपस्थिती रहेको थियो । सो कार्यक्रममा यस नगरपालिकाका सवै शाखा प्रमखहरु, सवै वडा सचिवहरु, अन्य कर्मचारीहरुको समेत उपस्थितीमा उक्त कार्यक्रम गरिएको थियो । उक्त कार्यक्रमको उद्घाटन नगर प्रमख श्री विनोद रेग्मीले गमलामा पानी राखी उद्घाटन गरी शुभकाना मन्तव्य समेत दिनु भएको थियो ।

वार्षिक प्रगती समीक्षा गोष्ठीमा नगरपालिकाका प्राय सवै शाखाका शाखा प्रमुखहरुले आ आफनो शाखावाट आर्थिक वर्ष २०७९।०८० मा सम्पादन गरिएका वजेट तथा योजना कार्यक्रमहरुको सम्छीप्त प्रस्तुती राख्नु भएको थियो । सो कार्यक्रममा सवै शाखा प्रमुखहरुलाई ५ मीनेटमा आफ्नो शाखाको प्रगती प्रस्तुत गर्नका लागि समय दिएको थियो । सो कार्यक्रममा यस नगरपालिकाको आर्थिक वर्ष २०७९।०८० मा वास्तविक आम्दान / आय रु८२,२२,७६,४७१.०३ रहेको भने खर्च तर्फ आर्थिक विकासमा रु ५,३२,१६,०६२।०३(७६%) सामाजिक विकासमा रु ३१,७८,८७,१८७.९ (८९.२५%) पूर्वाधार तर्फ रु २५,३१,५८,३५२.३१ (६५.२७%) सुशासन तथा अन्तर सम्वन्धित क्षेत्र तर्फ रु २,४३,०८,०४१.८६ (५९.९%) कार्यालय सन्चालन तथा प्रशासनिकमा रु ९,९०,४६,८१०.७१ (८२.१५%) थियो भने खर्च नभइ वाकी रहेको रकम रु १०,८६,७०,६०७.९७ चालु आर्थिक वर्ष २०८०।०८१ का लागि जिम्मेवारी सरेको देखिन्छ । यसरी आम्दानी र खर्चको अवस्था हेर्दा कुल वजेटको चालु तर्फ रु४०,०६,४२,२६०.३६ (८५.३%) पूजिंगत तर्फ रु ३४,६९,७४,१९४.४५ (६८.६४%) कुल खर्च रु ७४७६१६४५४.८१ (७६.६६%) भएको देखिन्छ ।

वार्षिक समीक्षा कार्यक्रममा नगरपालिकाको समग्र वार्षिक प्रगती विवरण योजना तथा अनुगमन शाखा प्रमुख श्री शिवप्रसाद पोखेरलले गर्नु भएको थियो भने उक्त समीक्षा गोष्ठीमा कृषि शाखा प्रमुख श्री शिवराज पौडेल पशु पंक्षी शाखा प्रमुख श्री ईश्वरी प्रसाद पौडेल आर्थि विकास शाखा प्रमुख श्री प्रकाश चन्द्र पौडेल प्रशासन शाखा प्रमुख श्री प्रकाश पौडेल पूर्वाधार शाखा प्रमुख श्री राजेश कोईराला भवन तथा वस्ती विकास शाखा प्रमुख श्री किशोर खतिवडा महिला तथा वालिका शाखा प्रमुख लानीमाया पौडेल रोजगार

संयोजक श्री सुदर्शन रिजालले आफ्नो शाखावाट भएको प्रगती विवरण प्रस्तुत गर्नु भएको थियो । दिउसो २.०० देखि २.३० वजे सम्म खाजा नास्ताको समय छुट्याइए अनुसार सो समयमा खाजा खाने काम भएको थियो । खाजा पश्चात २.३० वजे पछि वडा सचिवहरुलाई आफ्नो वडामा आर्थिक वर्ष २०७८।०७९ मा भए गरेका गतिविधीहरुको वारेमा प्रस्तुती गर्नका लागि लगाइएको थियो सो अनुसार सवै वडा सचिवहरुले आफ्नो वडामा योजना संचालनको अवस्था, राजश्व संकलनको अवस्था, पन्जिकरण, सामाजिक सुरक्षा, सिफारिसको अवस्था जस्ता महत्व पूर्ण विषयको प्रगती प्रस्तुत गर्नु भएको थियो । त्यस पछि समिक्षा कार्यक्रममा देखिएका सवालहरु समीक्षात्मक मन्तव्य वडा नं. २ का वडा अध्यक्ष श्री लक्ष्मण पौडेल वडा नं. ४ का वडा अध्यक्ष श्री मकरमान श्रेष्ठ प्रमुख प्रशासकिय अधिकृत श्री केशव प्रसाद उपाध्याय नगर उपप्रमुख श्री विमला तामाङले आ आफ्नो समीक्षात्मक मनतव्य राख्नु भएको थियो । कार्यक्रमको अन्त्यमा कार्यमको अध्यक्षता गरिरहनु भएका नगर प्रमुख श्री विनोद रेग्मीले समीक्षा कार्यक्रममा उठेका सवालहरुको जवाफ दिदै सवै शाखा प्रमुखहरुले चालु आर्थिक वर्षमा विनियोजन गरिएको वजेट तथा कार्यक्रमहरुको कार्य तालिका वनाइ समयमा नै योजना तथा कार्यक्रम सम्पन्न गर्नका लागि आज देखिनै लाग्न सुझाउनु भएको थियो भने कार्यक्रम संचालन गर्दा आइ पर्ने समस्याहरुलाइ समयमानै सम्वोधन गर्न आफु जुन सुकै समयमा पनि संगै रहने कुरा वताउदै चालु आ. व. मा प्रत्येक चार चार महिनामा समीक्षा कार्यक्रम राखिने भएको हुदा सोही अनुसार तयारी अवस्थामा रहन सवैलाइ सुझाउनु भएको कार्यक्रम वेलुका करीव ५ वजे नगर प्रमुख श्री विनोद रेग्मी ज्यूले समापन समीक्षात्मक अन्य समसामयीक विषयमा मनतव्य राखी आर्थिक वर्ष २०७८।०७९को वार्षिक प्रगती समीक्षा गोष्ठीको समापन गर्नु भएको थियो ।

प्रतिवेदक
शिवप्रसाद पोखरेल
योजना तथा अनुगमन शाखा प्रमुख
कालिका नगरपालिका चितवन ।

आज मिति २०७०/०४/२६ गते शुक्रवारका दिन महिला सभा-हाल भवनमा यस नगरपालिकाको आ.व.०६९/०७० को वार्षिक योजना तथा कार्यक्रमहरुको समिक्षा कार्यक्रम यस नगरपालिकाका नगर प्रमुख श्री विनोद रेग्मी ज्यूको अध्यक्षतामा भएको कार्यक्रममा निम्नानुसार उपस्थितीमा सम्पन्न गरियो —

उपस्थिती

नगर प्रमुख श्री विनोद रेग्मी
उप-प्रमुख श्री विमला तामाङ
प्रमुख प्रशासकीय अधिकृत श्री केशव प्रसाद उपाध्याय
वडा अध्यक्ष श्री सन्तबिर स्याङ्तान
" श्री लक्ष्मण पौडेल
" श्री विरेन्द्र तमाङ
" श्री मकरमान डोब
" श्री दिपक बहादुर भट्टराई
" श्री टिकाराम रेग्मी
" श्री कमल राज पुरुषान
" श्री चित्र बहादुर नगर
" श्री निलकण्ठ नगर
" श्री नरजं प्रजा
" श्री कृष्ण बहादुर प्रजा
कार्यपालिका सदस्य श्री दिपक सिं परियार
" श्री शान्ती महतो
" श्री फागम कुमारी कोल
" श्री शंभुना परियार
" श्री भुवकुमारी राजभाट
" श्री ज्योती सुनार
" श्री धनमाया प्रजा
" श्री सरस्वती खत्री
प्र.का. श्री प्रकाश चन्द्र पौडेल
स.पौ. श्री नानीमाया पौडेल महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा
का.स. श्री सीता घिमिरे कालिका वडा नं. ८
इ.जनमार श्री किशोर खतिवडा
का.स. श्री दिपक कडेल का.स. वातावरण शाखा

वरिष्ठ लेखा अधिकृत श्री कृष्ण प्रसाद कुर्मी

सहायक लेखा " श्री बाबुराम निहुरे

इन्जिनियर श्री राजेश डाँडेला

शाखा अधिकृत श्री रामप्रसाद आचार्य

वडा सचिव-५, श्री सुनिता रेग्मी

वडा सचिव-२ श्री रिजना पौडेल

न्यायिक शाखा श्री लक्ष्मी पोखरेल

सूचना प्रविधि अधिकृत घनश्याम बास्तोला

कार्यालय सहायक कार्यालय-१ श्रीम ब० प्रजा

गोविन्द श्रेष्ठ - प्राविधिक सहायक, का.नि.प.

रोजगार सहायक लक्ष्मण पौडेल

वन वातावरण, विपद हेर्विई. इकाइ प्रमुख जिवेश जोशी

कृषि शाखा प्रमुख लक्ष्मी पोखरेल

सुमना ढकाल दवाडी वडा सचिव-४

भूपेश गुरुङ वडा सचिव - १

रेखा अमगाई का. सहायक - १

शिव पु. पोखरेल

भक्त ब थापा पु.ग.

मनोज कु अहिराई "

सन्तोष परियार

सुरज सात

धर्म प्रसाद शर्मा

वडा सचिव [illegible]

धर्म पु. [illegible] सिमाजसमी

लेखा अधिकृत - [illegible]

वडा सचिव - सीमवन अधिकारी

सलेपा अर्जुन उपाध्याय

नगर कोलिका गाउँपालिका कार्यालय
कार्यपालिकाको कार्यालय, बिरवन
रेडु कमगाम, बागमती प्रदेश, नेपाल
२०७३